# नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

फाल्गुण १३, २०७६

श्री सभापतिज्यू
नेपाली कांग्रेस
जिल्ला कार्यसमिति (सबै जिल्ला कार्यसमितिहरुका लागि)।

**विषय : क्रियाशील सदस्यता वितरण र नविकरण सम्बन्धी परिपत्र।**

प्रिय साथी,

नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) र नेपाली कांग्रेसको नियमावली २०७६ ले पार्टीको नयाँ क्रियाशील सदस्यता वितरण र नविकरण प्रक्रियालाई व्यवस्थित र सहज बनाउने अभिप्रायले विभिन्न प्रावधानहरुको व्यवस्था गरेको व्यहोरा अवगत नै छ। नयाँ सदस्यको योग्यता र प्रतिवद्धता, नयाँ क्रियाशील सदस्यता वितरण प्रक्रिया, नविकरण प्रक्रिया, शुल्क र शुल्कको बाँडफाड सम्बन्धी व्यवस्था, नयाँ सदस्यता स्वीकृत गर्ने, नविकरण गर्ने, उजुरी दिने, उजुरी उपर निर्णय दिने, पुनरावेदन दिने र पुनरावेदनको निर्णय गर्ने, सदस्यता विवरण र फारम माथिल्लो निकायमा पठाउने प्रक्रिया, फारमको ढाँचा लगायतका विविध प्रावधानहरुको विधान र नियमावलीमा स्पष्ट व्यवस्था गरिएको छ।

यसै सन्दर्भमा, नेपाली कांग्रेसको आगामी चौधौं महाधिवेशनका लागि पार्टीको विधान र नियमावली अनुसार पार्टीका जिल्ला र मातहत निकायका अधिवेशन पार्टी केन्द्रीय कार्यसमितिको निर्णय अनुसार तोकिएको मितिमै सम्पन्न गर्नका लागि नयाँ क्रियाशील सदस्यता वितरण, क्रियाशील सदस्यता नविकरण, केन्द्रमा शुल्क सहित नामावली बुझाउने सन्दर्भमा देहाय बमोजिमको कार्य अनिवार्य गर्नु गराउनु हुन यो परिपत्र गरिएको छ।

१. **क्रियाशील सदस्यता नविकरण सम्बन्धमा**

(क) प्रत्येक क्रियाशील सदस्यले क्रियाशील सदस्यता नविकरण गर्नु अघि नेपाली कांग्रेसको विधानको धारा ६९ र नियमावलीको नियम २३ (५) र (६) लगायत विधान तथा नियमावलीको व्यवस्था बमोजिम पार्टी निकायलाई बुझाउनु पर्ने सबै शुल्क, सहयोग रकम (लेवी) बुझाइसकेको हुनु पर्नेछ।

(ख) नेपाली कांग्रेसको नियमावली २०७६ को नियम ६ (४) बमोजिम नेपाली कांग्रेसको क्रियाशील सदस्यता नविकरण फारम केन्द्रबाट जिल्ला सभापति वा जिल्ला सभापतिले लिखित अख्तियारी दिएको व्यक्तिले बुझिलिन सक्नेछ। फारम केन्द्रबाट बुझि जिल्लामा लगिसकेपछि तीन दिनभित्र जिल्ला कार्यसमितिको बैठक राखी जिल्ला मातहतका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति भित्र रहेका क्रियाशील सदस्यता संख्या बराबरका नविकरण फारम सम्बन्धित प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सभापति मार्फत क्षेत्रीय कार्यसमितिमा तीन दिनभित्र पठाउनु पर्नेछ। एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रदेश सभा क्षेत्रीय कार्यसमिति भित्र रहेका क्रियाशील सदस्यता संख्या बराबरका नविकरण फारम सम्बन्धित प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सभापति मार्फत प्रदेश सभा क्षेत्रीय कार्यसमितिमा तीन दिनभित्र पठाउनु पर्नेछ।



टेलिफोन : (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail : info@nepalicongress.org, Internet Access : www.nepalicongress.org

(ग) प्रदेश सभा क्षेत्रीय कार्यसमितिले आफु मातहतका नगरपालिका/गाउँपालिका कार्यसमितिमा सभापति मार्फत र नगरपालिका/गाउँपालिका कार्यसमितिले आफु अन्तर्गतका वडा कार्यसमितिहरुमा वडा सभापति मार्फत क्रियाशील सदस्यताको संख्या बराबरका नविकरण फारमहरु तीन दिनभित्र पठाउनु पर्नेछ ।

(घ) नविकरण फारम प्राप्त भएपछि नगरपालिका/गाउँपालिका वडा कार्यसमितिले सबै क्रियाशील सदस्यहरुलाई जानकारी हुने गरी नविकरणका लागि सूचना प्रकाशित र सम्प्रेषण गर्नु पर्नेछ ।

(ङ) क्रियाशील सदस्यता नविकरण गर्न चाहने सदस्यले र नविकरणका लागि सिफारिस र निर्णय गर्ने निकायले विधानको धारा ४ (७) बमोजिमको प्रक्रिया पुऱ्याई गर्नु गराउनु पर्नेछ ।

(च) क्रियाशील सदस्यले क्रियाशील सदस्यता नविकरण फारम भरी सम्बन्धित वडा कार्यसमितिमा तीन दिनभित्र बुझाउनु पर्नेछ । वडा कार्यसमितिले प्राप्त नविकरण फारम पाँच दिनभित्र नगरपालिका/गाउँपालिका कार्यसमितिमा सिफारिस गरि पठाउनु पर्नेछ । नगरपालिका/गाउँपालिकाले आफ्नो राय सहित तीन दिनभित्र प्रदेश सभा क्षेत्रीय कार्यसमितिमा, प्रदेश सभा क्षेत्रीय कार्यसमितिले ( तीन दिनभित्र आफ्नो राय सहित प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा (एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा, जिल्ला कार्यसमितिमा) तीन दिनभित्र पठाउनु पर्नेछ । प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले पनि आफ्नो राय सहित तीन दिनभित्र जिल्ला कार्यसमितिमा पठाउनु पर्नेछ ।

(छ) जिल्ला कार्यसमितिले मातहत निकायबाट सिफारिस र राय सहित प्राप्त हुन आएका क्रियाशील सदस्यता नविकरण फारम उपर सात दिनभित्र निर्णय गरी सम्बन्धित सदस्य र पार्टीका मातहत निकायलाई जानकारी गराई सार्वजनिक गर्नु पर्नेछ ।

(ज) जिल्ला कार्यसमितिले केन्द्रबाट उपलब्ध गराइएको एक्सलसिट अनुसारको ढाँचामा क्रियाशील सदस्यता नविकरणको नामावली विवरण तयार गरी केन्द्रमा इलेक्ट्रोनिक कपि र प्रिन्ट कपि सहित शुल्क जम्मा गरेको बैंक भौचर संलग्न राखी २०७६ चैत्र मसान्त भित्र अनिवार्य पठाउनु पर्नेछ ।

नेपाली कांग्रेसको नियमावली २०७६ को नियम ५ (२) (घ) बमोजिम क्रियाशील सदस्यता नविकरण शुल्क रु. २०० (दुई सय) लाग्नेछ । क्रियाशील सदस्यता नविकरण शुल्कको बाँडफाँड नियम ५ (४) (३) बमोजिम हुनेछ । हाल प्रदेश कार्यसमिति गठन भएको अवस्था नरहेको सन्दर्भमा, प्रत्येक सदस्यबाट प्राप्त हुने नविकरण शुल्क रु. २०० (दुई सय) मध्ये प्रदेश कार्यसमितिमा पठाउनु पर्ने रकम (रु. दश) सहित जम्मा रु. १५० (एक सय पचास) केन्द्रमा पठाउनु पर्नेछ । क्रियाशील सदस्यता नविकरण बापत प्राप्त शुल्क बाँडफाँड गरी मातहत निकाय र केन्द्रमा पठाउने जिम्मेवारी नियम ५ (४) (६) बमोजिम जिल्ला कार्यसमितिको हुनेछ ।

(झ) जिल्ला कार्यसमितिले नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा नविकरण शुल्क बुझाउँदा अनिवार्य रुपले बैंक खातामा रकम जम्मा गरेको भौचर सहित संलग्न राखी बुझाउनु पर्नेछ ।

नियमावलीको नियम ५ (४) (३) बमोजिम नविकरण शुल्कको बाँडफाँड गरी मातहत निकायलाई प्राप्त हुने तोकिए बमोजिमको शुल्क सकभर सम्बन्धित पार्टी निकायको बैंक खातामा नै पठाउनु पर्नेछ ।



टेलिफोन : (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail : info@nepalicongress.org, Internet Access : www.nepalicongress.org

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

(ञ) क्रियाशील सदस्यता नविकरण सम्बन्धमा परेका उजुरी उपर क्रियाशील सदस्यता केन्द्रीय छानविन समितिको निर्णय अन्तिम हुनेछ ।

## २. नयाँ क्रियाशील सदस्यता वितरण सम्बन्धमा ।

(क) एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा नयाँ क्रियाशील सदस्यताको आवेदन फारम केन्द्रबाट (जिल्ला मार्फत यस पटकका लागि मात्र) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिलाई उपलब्ध गराइनेछ । एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला कार्यसमितिले क्रियाशील सदस्यताको आवेदन फारम केन्द्रबाट बुझी प्रदेश कार्यसमितिलाई उपलब्ध गराउने छ ।

(ख) केन्द्रीय कार्यसमितिको २०७६/१०/२९ गतेको बैठकको निर्णय अनुसार जिल्ला भित्रको (गत तेह्रौं महाधिवेशनको) कूल क्रियाशील सदस्य संख्याको आधा (बढीमा ५० प्रतिशत) नयाँ क्रियाशील सदस्यता आवेदन फारम जिल्ला सभापति वा जिल्ला सभापतिले लिखित अख्तियारी दिएको व्यक्तिले केन्द्रबाट बुझिलिनेछ । फारम केन्द्रबाट बुझि जिल्लामा लगिसकेपछि तीन दिनभित्र जिल्ला कार्यसमितिको बैठक राखी जिल्ला भित्रका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लामा प्रदेश सभा क्षेत्रीय कार्यसमिति) का सभापतिलाई बैठकमा उपस्थित गराई सो क्षेत्र भित्रका क्रियाशील सदस्यको साविकको संख्याको आधा (५० प्रतिशत) फारम दिनु पर्नेछ । त्यसपछि तीन दिनभित्र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठक बोलाई सो बैठकमा प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सभापतिलाई उपस्थित गराई प्रदेश सभा क्षेत्रभित्रको क्रियाशील सदस्यको साविकको संख्याको आधा (५० प्रतिशत) फारम दिनु पर्नेछ । प्रदेश सभा क्षेत्रीय कार्यसमितिले तीन दिनभित्र बैठक राखी आफ्नो क्षेत्रभित्र रहेका नगरपालिका/गाउँपालिकाका सभापतिलाई बैठकमा उपस्थित गराई सो नगरपालिका/गाउँपालिकाभित्र रहेका क्रियाशील सदस्यको साविकको संख्याको आधा (५० प्रतिशत) फारम दिनु पर्नेछ । नगरपालिका/गाउँपालिकाले तीन दिनभित्र बैठक राखी बैठकमा आ-आफ्ना वडा कार्यसमितिका सभापतिलाई उपस्थित गराई वडाभित्रका क्रियाशील सदस्यको साविकको संख्याको आधा (५० प्रतिशत) फारम दिनु पर्नेछ । यसरी, वडा कार्यसमितिले साविकको क्रियाशील सदस्यताको कूल संख्याको आधा (५० प्रतिशत) नयाँ सदस्य थप बनाउनका लागि माथिल्लो निकायबाट फारम प्राप्त गर्नेछ ।

कुनै नगरपालिका/गाउँपालिका दुई वा सो भन्दा बढी प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचन क्षेत्रमा परेको भए त्यस्तो नगरपालिका/गाउँपालिकाका वडा जुन प्रतिनिधि सभा/प्रदेश सभा क्षेत्रमा परेका छन्, सोही प्रतिनिधि सभा/प्रदेश सभा क्षेत्रीय कार्यसमितिबाट वडाको क्रियाशील सदस्यको साविकको संख्याको आधा (५० प्रतिशत) फारम प्राप्त गर्नेछन् ।

साथै, विधान बमोजिम निर्वाचित हुने वडा कार्यसमितिका पदाधिकारी र सदस्यको संख्या तथा वडाबाट निर्वाचित हुने क्षेत्रीय प्रतिनिधिको कुल संख्या भन्दा कुनै वडामा क्रियाशील सदस्यको संख्या कम भएमा त्यस्तो वडा कार्यसमितिले क्रियाशील सदस्यताका थप फारम माग गर्नु पर्नेछ ।



टेलिफोन : (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail : info@nepalicongress.org, Internet Access : www.nepalicongress.org

(ग) वडा कार्यसमितिले आफ्नो वडा भित्रको क्रियाशील सदस्यता दिन योग्यता पुगेका पार्टी सदस्यलाई उक्त फारम भराई, शुल्क बुझिलिई वडा कार्यसमितिको बैठकको निर्णयको प्रतिलिपी र राय सहित नगरपालिका/गाउँपालिका कार्यसमितिमा पाँच दिनभित्र पठाउनु पर्नेछ ।

(घ) नगरपालिका/गाउँपालिका कार्यसमितिले प्राप्त फारममा आफ्नो राय सहित तीन दिनभित्र प्रदेश सभा क्षेत्रीय कार्यसमितिलाई पठाउनु पर्नेछ । प्रदेश सभा क्षेत्रीय कार्यसमितिले आफ्नो राय सहित **तीन** दिन भित्र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा, जिल्ला कार्यसमिति) मा पठाउनु पर्नेछ ।

(ङ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा, जिल्ला कार्यसमिति) को बैठकले प्राप्त नामावलीमा सात दिनभित्र निर्णय गरी क्रियाशील सदस्यता प्रदान गर्नेछ र सोको जानकारी सम्बन्धित व्यक्ति र पार्टीका मातहत निकायलाई दिई सार्वजनिक गर्नेछ ।

(च) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा, जिल्ला कार्यसमिति) ले केन्द्रबाट उपलब्ध गराइएको एक्सलसिट अनुसारको ढाँचामा नयाँ क्रियाशील सदस्यताको नामावलीको विवरण तयार गरी इलेक्ट्रोनिक कपि र प्रिन्ट कपि सहित पार्टीको खातामा शुल्क जम्मा गरेको बैंक भौचर संलग्न गरी केन्द्रमा २०७६ चैत्र मसान्त भित्र अनिवार्य पठाउनु पर्नेछ ।

(छ) नेपाली कांग्रेसको निमायली २०७६ को नियम ५ (१) बमोजिम नयाँ क्रियाशील सदस्यता आवेदन शुल्क रु. ३०० (तीन सय) लाग्नेछ । उक्त शुल्कको बाँडफाँड नियम ५ (४) (२) बमोजिम हुनेछ । हाल प्रदेश कार्यसमिति गठन भएको अवस्था नरहेको सन्दर्भमा, प्रत्येक सदस्यबाट प्राप्त हुने नयाँ क्रियाशील सदस्यता शुल्क रु. ३०० (तीन सय) मध्ये प्रदेश कार्यसमितिमा पठाउनु पर्ने रकम रु. ४० (चालीस) सहित जम्मा रु. १०० (एक सय) केन्द्रमा पठाउनु पर्नेछ । नयाँ क्रियाशील सदस्यता वापत प्राप्त शुल्कको बाँडफाँड गरी जिल्ला र मातहत निकाय तथा केन्द्रमा पठाउने जिम्मेवारी नियम ५ (४) (५) बमोजिम प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको जिल्लामा, जिल्ला कार्यसमति) को हुनेछ ।

(ज) नेपाली कांग्रेसको नयाँ क्रियाशील सदस्य वितरण गर्दा वडाको जनसंख्याको बनोटलाई मध्यनजर गरी समानुपातिक समावेशीतालाई ध्यानमा राखी वितरण गर्नु पर्नेछ ।

३. **क्रियाशील सदस्यता (नविकरण/नयाँ) फारम भर्दा/भराउदा ध्यान दिनु पर्ने थप कुराहरु**

(क) क्रियाशील सदस्यता फारम (नविकरण/नयाँ) भर्दा केन्द्रबाट जारी गरिएको सि.नं. भएको क्रमशः अनुसूची ११ र अनुसूची ३ बमोजिमको फारम भर्नु भराउनु पर्नेछ । फारम भर्दा सम्बन्धित व्यक्तिको दस्तखत अनिवार्य हुनु पर्नेछ ।

(ख) जिल्लामा पठाइएका सि.न. अनुसारका क्रियाशील सदस्यता फारम (नविकरण/नयाँ) जुन जिल्ला र मातहत निकायलाई दिइएको छ, सोही जिल्ला र मातहत निकायमा प्रयोग गर्नु पर्नेछ । एउटा जिल्ला र मातहत निकायको नाममा पठाइएको फारम अर्को जिल्ला र अर्कै मातहत निकायमा प्रयोग गर्न पाइनेछैन ।



टेलिफोन : (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail : info@nepalicongress.org, Internet Access : www.nepalicongress.org

(ग) क्रियाशील सदस्यता फारम (नविकरण/नयाँ) भरि माथिल्लो निकायमा पठाउँदा सम्बन्धित तहको कार्यसमितिको बैठकको निर्णयको प्रतिलिपी सबै तहले अनिवार्य संलग्न राखी पठाउनु पर्नेछ ।

(घ) क्रियाशील सदस्यता नविकरण फारम भर्दा पुरानो क्रियाशील सदस्यता नम्बर अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

(ङ) क्रियाशील सदस्यताको नामावलीको सूची (नविकरण/नयाँ) केन्द्रमा पठाउँदा केन्द्रलाई बुझाउनु पर्ने सदस्यता शुल्क, नविकरण र नयाँको अलग अलग खुल्ने गरी, केन्द्रको नाममा रहेको बैंक खातामा जम्मा गरेको भौचर समेत अनिवार्य संलग्न हुनु पर्नेछ । (राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखा, खातावालको नाम : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, खाता नं. १७००००७१४६१०, SWIFT CODE RBBANPKA) ।

(च) नयाँ क्रियाशील सदस्यता फारममा एक प्रति फोटो टास्नु पर्नेछ । वडा कार्यसमिति देखि जिल्ला कार्यसमिति सम्मका सबै निकायले क्रियाशील सदस्यता (नविकरण/नयाँ) को नामावलीको सिफारिस र निर्णय गरी पठाएको विवरणको प्रतिलिपी आ-आफ्नो पार्टी निकायमा एक प्रति अनिवार्य राख्नु पर्नेछ । मातहत निकायबाट प्राप्त सिफारिस, निर्णय र क्रियाशील सदस्यताको नामावली विवरण माथिल्लो निकायमा पठाउँदा त्यसको एकप्रति प्रतिलिपी सम्बन्धित निकायमा पनि राख्नु पर्नेछ । फारम सहितका कागजात आफुभन्दा माथिल्लो निकायमा पठाउदा खामबन्दी गरी खोल्न नमिल्ने गरेर सुरक्षित माध्यमबाट पठाउनु पर्नेछ ।

(छ) प्रयोग नभएका नयाँ र नविकरण फारम बारे एकिन गरी तुरुन्तै केन्द्रलाई जानकारी गराउनु पर्नेछ ।

(ज) क्रियाशील सदस्यता फारम (नविकरण/नयाँ) भरी सम्बन्धित निकायमा पठाउँदा यसैसाथ संलग्न (नविकरणका लागि अनुसूची–१ र नयाँका लागि अनुसूची–२) बमोजिमको ढाँचामा एक्सल सिटमा कम्प्युटर टाइप गरी विवरण सहितको नामावलीको सूची पठाउनु पर्नेछ ।

(झ) क्रियाशील सदस्यता (नविकरण/नयाँ) को फारम पठाउँदा क्रियाशील सदस्यहरुको फारम नं. अनुसारको क्रमसंख्या मिलाएर अलग-अलग नगरपालिका/गाउँपालिकाको अलग/अलग सूची तयार गरी पठाउनु पर्नेछ ।

(ञ) फारममा सिफारिस गर्ने र निर्णय गर्ने निकायको सभापतिको दस्तखत, छाप र सिफारिस/निर्णय मिति स्पष्ट बुझिने हुनु पर्नेछ ।

४. अन्य राजनीतिक दलको विभिन्न पदीय जिम्मेवारीमा रहेका वा सक्रिय सदस्य रहेका र सो पार्टी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्तिहरुको विवरण पार्टीमा दिनु पर्ने पदीय जिम्मेवारी र क्रियाशील सदस्यताको सिफारिस समेतको पार्टी केन्द्रीय कार्यालयमा पठाउनका लागि मिति २०७५ फागुन १७ चं. नं. १५३ र २०७६ असार ३० च.नं. ३६० को पत्र मार्फत सबै जिल्लालाई अनुरोध गरिएको र कतिपय जिल्लाबाट नाम समेत प्राप्त भएको र कतिपय जिल्लाबाट प्राप्त हुने क्रम जारी रहेकोले तपाईको जिल्लाबाट पनि त्यस्तो नामावली पठाउन बाँकी भए पत्र प्राप्त भएको दुई हप्ता भित्र अनिवार्य पठाउनु हुन जानकारी गराइन्छ । साथै, जिल्लाबाट प्राप्त त्यस्तो नामावली केन्द्रबाट स्वीकृत भएपछि क्रियाशील सदस्यता (नविकरण/नयाँ) का लागि बुँदा नं. २ (ख) का अतिरिक्त केन्द्रबाट थप फारम उपलब्ध गराइनेछ ।



टेलिफोन : (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail : info@nepalicongress.org, Internet Access : www.nepalicongress.org

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

५. क्रियाशील सदस्यता (नविकरण/नयाँ) का फारमहरु अन्तिम निर्णय गर्ने अधिकार रहेको पार्टी निकायमा सुरक्षित रहनेछन् । नयाँ क्रियाशील सदस्यताको अन्तिम निर्णय प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा, जिल्ला कार्यसमिति) ले गर्ने र क्रियाशील सदस्यता नविकरणको अन्तिम निर्णय जिल्ला कार्यसमितिले गर्ने व्यवस्था भएतापनि क्रियाशील सदस्यता (नविकरण/नयाँ) सम्बन्धमा कुनै उजुरी परेमा, केन्द्रले मातहत निकायबाट तत्सम्बन्धमा भए गरिएका सम्पूर्ण निर्णय सहितका कागजात, फारम झिकाइ आवश्यक निर्णय गर्न सक्नेछ ।

६. उपरोक्त अनुसारको सम्पूर्ण प्रक्रिया पुऱ्याई भरिएका/भराइएका क्रियाशील सदस्यता (नविकरण/नयाँ) सम्बन्धी नामावली विवरण मात्र केन्द्रले स्वीकार गर्नेछ । माथि उल्लेखित सम्पूर्ण प्रक्रिया नपुऱ्याई केन्द्रमा पठाइएका र केन्द्रमा उजुरी वा पुनरावेदन परी केन्द्रबाट रद्ध भएका क्रियाशील सदस्यता (नविकरण/नयाँ) का नामावली सूचीबाट स्वतः हटाइनेछ । साथै, केन्द्रले सदर गरेको नामावली थप गरिनेछ ।

**जय नेपाल !**

तपाईंको
पूर्णबहादुर खड्का
**महामन्त्री**

**बोधार्थ**
श्री सभापतिज्यू
क्षेत्रीय कार्यसमिति (सबै प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिहरुका लागि)
- परिपत्रमा उल्लेख गरिए बमोजिमका कार्य सम्पन्न गर्नु गराउनु हुन ।



टेलिफोन : (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail : info@nepalicongress.org, Internet Access : www.nepalicongress.org

(अनुसूची–१)

नेपाली कांग्रेस

१४ औं महाधिवेशन

## क्रियाशील सदस्यहरुको नामावली (नवीकरण)

| क्र.स | पुरानो क्रियाशील सदस्यता नं. | सदस्यको नाम | बाबु/आमाको नाम | पति/पत्निको नाम | उमेर | पेशा | लिङ्ग | प्रदेश | जिल्ला | प्रतिनिधिसभा नि.क्षे.नं. | प्रदेश सभा नि.क्षे.नं. | न.पा./गा.पा.को नाम | वडा नं. | समावेशी समूह (महिला, आदिवासी जनजाति, दलित, मधेशी, खस आर्य, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका, अल्पसंख्यक) | साविक प्रतिनिधि सभा क्षे.नं. | साविक न.पा./गा.वि.स | साविक वडा नं. | मोबाइल नं. | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |

(अनुसूची–२)

नेपाली कांग्रेस

१४ औं महाधिवेशन

# क्रियाशील सदस्यहरुको नामावली (नयाँ)

| क.स | क्रियाशील फारम नं. | सदस्यको नाम | बाबु/आमाको नाम | पति/पत्निको नाम | उमेर | पेशा | लिङ्ग | प्रदेश | जिल्ला | प्रतिनिधिसभा नि.क्षे.नं. | प्रदेश सभा नि.क्षे.नं. | न.पा./गा.पा.को नाम | वडा नं. | समावेशी समूह (महिला, आदिवासी जनजाति, दलित, मधेशी, खस आर्य, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका, अल्पसंख्यक) | साविक प्रतिनिधि सभा क्षे.नं. | साविक न.पा./गा.वि.स | साविक वडा नं. | मोबाइल नं. | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |

नेपाली कांग्रेस
नेपाल